# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

पत्र सं. ०८१।८२
च.नं. ४६८१

मितिः२०८२/०३/३२

विषयः- सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्बन्धमा ।

श्री वडा कार्यालय (सवै)

वडा सचिव (सवै), बर्दघाट नगरपालिका (ब.सु.प)।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक बर्षको श्रावण १ गते देखि भाद्र मसान्त सम्म सम्वन्धित वडा कार्यालयमा आफै उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनुपर्ने व्यवस्था रहेको व्यहोरा विदितै छ। सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण तथा लाभग्राही सूचिकरण गर्दा देहाय बमोजिम गर्नु गराउनुहुन अनुरोध छ।

देहाय:

क. राष्ट्रिय परिचयपत्र वा परिचयपत्र नम्वर प्राप्त गरेका लाभग्राहीहरुको हकमा अनिबार्य NIN, Fingerprint Scanner वा iris डिभाईस मार्फत verification गरी सम्वन्धित वडा कार्यालयबाट नविकरण गरिदिने। यदि कुनै कारणले Biometric Verification हुन नसकेका अन्य विकल्प जस्तै Alpha Authentication (NID मा उल्लेख भएको वैयक्तिक विवरण तथा फोटो) बाट verification गरी नविकरण तथा सूचीकरण गरिदिने।

ख. नयाँ लाभग्राहीको रुपमा सूचीकरण हुन वा नविकरणका लागि लाभग्राहीले NIN उपलव्ध गराएको तर कुनैपनि माध्यमबाट NIN Verification हुन नसकेमा प्रणालीमा सोही कुरा कैफियत जनाई सूचीकरण वा नविकरण गरिदिने।

ग. बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने, असक्त, असहाय वा नब्वे बर्ष माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए तापनि लाभग्राहीको रुपमा सूचीकरण वा नविकरण गरिदिने।

घ. म्याद भित्र नविकरण नभएका लाभग्राहीहरुको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुन: लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोही बमोजिम गरिदिने।

ङ. आर्थिक बर्ष ०८२/८३ को बजेट वक्तव्यको बुदा नं. ३७५ मा आगामी आर्थिक बर्षदेखि ( २०८२ साल श्रावण १ गते देखि ) ७० बर्ष पुरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तरगत नयाँ लाभग्राही सूचीकरण गर्ने। हाल प्राप्त गरिरहेका लक्षित वर्गको जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकाले सोहो बमोजिम नविकरण गरिदिने।

२०८२/०३/३२

पशुपती गैरे

( प्रशासकीय अधिकृत)

पशुपति गैरे
प्रशासकीय अधिकृत